मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

पत्र संख्याः २०८३/८४
च.नं.

मितिः २०८३/०६/०८

# प्रेस विज्ञप्ति ।

मौसम विज्ञान विभागका अनुसार असोज ९ गते शुक्रबार देखि असोज ११ गते आइतबारसम्म देशका विभिन्न स्थानमा मेघगर्जन, चट्याङ, हावाहुरीसहि भारीदेखि अति भारी वर्षाको सम्भावना रहेको छ। सम्भावित वर्षाका कारण यस नगरपालिका भित्र रहेका खोल्सी खोला तथा नदीहरुको सतह वढ्ने, डुबान हुने, बाढी, पहिरो तथा सडक समेत अवरोध हुन सक्ने भएकाले सम्पूर्ण नागरिकलाई आवश्यक सावधानी अपनाउन मण्डनदेउपुर नगरपालिकाको तर्फबाट हार्दिक अपिल गर्दछौं। सो सम्बन्धमा नागरिकलाई पूर्वतयारी गराउन मण्डनदेउपुर नगरपालिका तथा शसस्त्र प्रहरीवल पाँचखालसंगको समन्वयमा मण्डनदेउपुर नगरपालिका भित्र विपद् पूर्व तयारी सम्बन्धिमा माईकिङ गर्ने कार्य सम्पन्न भई सकेको छ ।

जल तथा मौसम विज्ञान विभागबाट प्राप्त मौसम तथा जलसम्बन्धी सूचना एवं पूर्वानुमानलाई मध्यनजर गर्दै मण्डनदेउपुर नगरपालिकाको नगर प्रमुखज्यूको संयोजकत्वमा नगरस्तीय विपद् व्यवस्थापन समितिको बैठक वसी नगर क्षेत्रभित्र सम्भावित विपद्बाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण गर्न नगरपालिकाले आवश्यक पूर्वतयारी, प्रतिकार्य तथा खोज उद्धारसम्बन्धी व्यवस्था चुस्त राख्न तपसिल बमोजिम कार्य गर्ने निर्णय गरेको व्यहोरा सम्बन्धित सबैको लागि अनुरोध छ ।

## नगरस्तरीय विपद् व्यवस्थापन समितिको बैठको निर्णयहरु

### निर्णय नं. १

नेपाल सरकार नेपाल मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाको सूचना तथा जानकारी बमोजिम नेपालको विभिन्न स्थान तथा बागमति प्रदेशको उच्च पहाडी तथा हिमाली भागमा क्षति पुग्ने पूर्वामानुमान बमोजिम यस मण्डनदेउपुर नगरपालिकाका केही क्षेत्रमा हुन सक्ने क्षतिको पूर्वतयारी सम्बन्धमा तपसिल बमोजिम गर्ने निर्णय गरियो।

१. मिति २०८३/०५/०३ मा भएको बैठकको समिक्षा तथा गत बैठकमा भएको निर्णयलाई पूर्णरुपमा कार्यान्वयन गर्ने।
२. पालिकाभित्र रहेका सबै जोखिम बस्तीहरु पहिचान गर्ने। जोखिम बस्तीका बासिन्दाहरुलाई सुरक्षित स्थानमा सार्न वा उच्च सतर्कता अपनाउन सम्बन्धित वडा अध्यक्षको नेतृत्वमा राजनितिक दलका प्रतिनिधि तथा सुरक्षा निकायका प्रतिनिधिको टोलीले सचेत गराउने।
३. उच्च जोखिम रहेको परिवारलाई सुरक्षित स्थान विद्यालय, सामुदायिक भवनमा स्थानान्तर गर्ने र खाद्यान्न सामग्री नगरपालिकाले व्यवस्थापन गर्ने।
४. विपद् प्रतिकार्यको लागि सबै वडाहरुमा वडास्तरमा स्वयमसेवक टिम तयार गर्ने र उक्त टिमलाई परिचालन गर्ने

५. विपद्को समयमा स्वास्थ्य समस्या समाधानको लागि स्वास्थ्य RRT टिमलाई स्वास्थ्यकर्मी, उपकरण र स्ट्रेचर सहित तयारी अवस्थामा रहने र स्वास्थ्य संस्था प्रमुखलाई सम्पर्क व्यक्तिको रुपमा तोक्ने।

६. जोखिम बस्ती संरक्षणका लागि वडा नं.१-५ सम्मका वडाहरुलाई १०/१० थान त्रीपाल र १/१ रोल प्लाष्टिक तथा वडा नं.६-१२ सम्मका वडाहरुलाई २०/२० थान त्रीपाल र १/१ रोल प्लाष्टिक उपलब्ध गराउने।

७. वडा स्तरीय विपद् व्यवस्थापन समितिमा भएको सामग्री र नगद खोजी उक्त स्रोत परिचालन गर्ने।

८. विपद्मा परेको व्यक्तिलाई तत्काल आवश्यक पर्ने खाद्यान्नहरु वडा अध्यक्षज्यूहरुको सिफारिसमा तत्काल नगरपालिकाबाट उपलब्ध गराउन स्टोर शाखालाई तयारी हालतमा बस्न निर्देशन गर्ने।

९. बाटो अवरुद्ध भएको अवस्थामा तत्काल उपलब्ध हुने मेसिनहरुको सम्पर्क नं. लिई राख्ने र नगरपालिकाको २ वटा मेसिन पनि तयारी अवस्थामा राख्ने। साथै बाटो तथा राजमार्ग सूचारु गर्न छिटो उपलब्ध हुने मेशिन परिचालन गर्ने निर्णय गरियो।

१०. नगरपालिकाको ३ वटा एम्बुलेन्स, १ टिपर र २ वटा पिकअप सवारी साधनहरु परिचालनको लागि तयारी अवस्थामा राख्ने। महादेवस्थान रेडक्रस सोसाइटीको मातहतमा रहेको एम्बुलेन्स नगरपालिकाले नै संचालन गर्ने।

११. विपद्को समयमा विद्युत अवरोध भएमा तत्काल विद्युत प्राधिकरणले सम्बोधन गर्ने।

१२. नगरपालिकाको फोकल व्यक्ति आलेप चन्द्रमणी पौडेल र सब-इन्जिनियर केशव बहादुर ऐडीलाई तोक्ने। विपद् सम्बन्धि सूचना प्रवाह गर्न वडाबाट वडा अध्यक्षज्यूले नगरपालिकाको फोकल व्यक्तिलाई सूचना प्रवाह गर्ने र नगरपालिकाको फोकल व्यक्तिले सुरक्षा निकायलाई खवर गर्ने।

निर्णय नं.२

विपद्को समयमा उल्लेखित पूर्वतयारी तथा प्रतिकार्य गर्नको निमित्त नगरपालिका मार्फत एक द्वार प्रणाली लागू गर्ने। त्यसको लागि नगर उपप्रमुख श्री विष्णुमणी नेपालको संयोजकत्वमा देहायको समन्वय समिति गठन गर्ने निर्णय गरियो।

| | | |
|---|---|---|
| १. संयोजक- | विष्णुमणी नेपाल | उपप्रमुख |
| २. सदस्य- | अमृत कुमार धिताल | प्र.प्र.अ. |
| ३. सदस्य- | सबै वडाका वडा अध्यक्षहरु | वडा अध्यक्ष |
| ४. सदस्य- | दिपक कुमार घिमिरे | सि.अहेव |
| ५. सदस्य- | सबै स्वास्थ्य संस्था प्रमुखहरु | स्वास्थ्य संस्था इन्चार्ज |
| ६. सदस्य- | केशव बहादुर ऐडी | सब-इन्जिनियर |
| ७. सदस्य- | चन्द्रमणी पौडेल | आ.ले.प. |
| ८. सदस्य सचिव- | रवि कुँवर | विपद् शाखा प्रमुख |

विपद्को समयमा तत्काल सहयोग आवश्यक परेमा देहायको सम्पर्क नम्बरहरुमा सम्पर्क गर्नहुन समेत अनुरोध गर्दछौं।

१. नगर प्रमुख श्री टोक बहादुर वाईबा - ९८५११९९९१८

२. नगर उप-प्रमुख श्री विष्णुमणी नेपाल - ९८५१२५४३१५
३. प्रमुख प्रशासकीय अधिकृत श्री अमृत कुमार धिताल - ९८५१२४३५६०
४. वडा नं. १ वडा अध्यक्ष श्री शिवप्रसाद ढकाल - ९८४३५५८३३९
५. वडा नं. २ वडा अध्यक्ष श्री राजकुमार मल्ल - ९८५१०१६६५५
६. वडा नं. ३ वडा अध्यक्ष श्री पुरुषोत्तम बजगाईं - ९८४१४२४३६५
७. वडा नं. ४ वडा अध्यक्ष श्री मैते सिं तामाङ - ९८६३१९२८१३
८. वडा नं. ५ वडा अध्यक्ष श्री हर्क बहादुर लामा - ९८४१३६१६७०
९. वडा नं. ६ वडा अध्यक्ष श्री सोम प्रसाद ढकाल - ९८५१२२३८६४
१०. वडा नं. ७ वडा अध्यक्ष श्री विष्णुप्रसाद पौडेल - ९८४१६६६४७८
११. वडा नं. ८ वडा अध्यक्ष श्री निरञ्जन बिष्ट - ९८५११२५९००
१२. वडा नं. ९ वडा अध्यक्ष श्री सिताराम श्रेष्ठ - ९८५११७१६९३
१३. वडा नं. १० वडा अध्यक्ष श्री कुमार तामाङ - ९८५१३३४९००
१४. वडा नं. ११ वडा अध्यक्ष श्री दिपेन्द्र लामा तामाङ - ९८४१३३४९९०
१५. वडा नं. १२ वडा अध्यक्ष श्री राजकुमार पराजुली - ९८५११२६७८०
१६. विपद् फोकल व्यक्ति(Focal Person):
- सहायक लेखा अधिकृत श्री चन्द्रमणी पौडेल - ९८५१३२७७८७
- सब-इन्जिनियर श्री केशव बहादुर ऐडी - ९८६८७२६५२६
- विपद् व्यवस्थापन शाखा प्रमुख रवि कुवँर -९८४८४७५०८७

१७. मण्डनदेउपुर आधारभूत अस्तपाल एम्बुलेन्स टोल फ्रि नं. - १८१०५०००३८२
१८. मेडिकल अधिकृत श्री डा. सुरेश श्रेष्ठ - ९८५२०४४८९४
१९. स्वास्थ्य शाखा प्रमुख श्री दिपक कुमार घिमिरे - ९८५१०३७७९६
२०. स्थानीय प्रहरी:
- हिगुवापाटी प्रहरी चौकीः- ९८५१२८५६१७
- देउपुर प्रहरी चौकीः- ९८५१२८५६१५
- अस्थायी प्रहरी चौकी, अट्टेडाँडा नाल्दुमः- ९८५१२१२६६२

२१. टोल फ्रि नम्बरः
- वर्षा र विपद् बारे जानकारी लिन- ११५५
- विपद् मा मद्दत माग्न- १२३४
- नेपाल प्रहरीको हटलाइन-१००
- सशस्त्र प्रहरी बल, नेपालको हटलाइन- ११९४
- सशस्त्र प्रहरी बल-पाँचखाल - ९८५१२७२०७५
- नेपाल विद्युत प्राधिकरण - ९८४५०८०३२२

२०८३।०६।१८
पुरुषोत्तम बजगाँई
नगर प्रवक्ता